# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिवसताक्षी, झापा
## १ नं. प्रदेश, नेपाल

**कनकाई नगरपालिकामा साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना।**

सूचना नं:- KANAKAI/PROP/02/2077-078

(प्रथम पटक प्रकाशित मितिः २०७८/०३/१५)

यस नगरपालिकाको साझेदारीमा कृषि तथा पशुपालन कार्यक्रम संचालन गर्न वनेको कनकाई नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ को अधिनमा रहि बहुवर्ष कार्यक्रम संचालनका लागि गैर सरकारी संस्थासँग लागत सहभागितामा साझेदारी गर्नुपर्ने भएकाले, स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत यस नगर कार्यपालिकाबाट स्विकृत कार्यविधिमा तोकेका शर्त बमोजिम कार्य गर्न ईच्छुक गैर सरकारी संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा तोकिएको ढाँचामा प्रस्ताव आव्हान गरिएको छ।

### प्रस्ताव पेश गर्ने संस्थाको कार्य अनुभव निम्न अनुसार हुनुपर्नेछ।

- संस्था स्थापना भई कम्तिमा ५ बर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव भएको।
- स्वावलम्बन समूह गठन तथा सामाजिक परिचालनको माध्यमको माध्यमबाट सामाजिक पूँजी निर्माण सम्बन्धि काम गरेको।
- सामुदायिक विकास, जिविकोपार्जन, महिला सशक्तिकरणको क्षेत्रमा काम गरेको।
- कृषि तथा पशुको उत्पादन, उत्पादकत्व तथा मूल्यश्रृङ्खलाको क्षेत्रमा अनुभव भएको।
- समुदायमा आधारित सहकारी संस्था मार्फत कृषि तथा पशु बस्तु उत्पादनको लागि आवश्यक सेवा तथा बजारीकरण प्रबद्धनमा काम गरेको अनुभव भएको।
- कृषि र पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको।
- कृषक पाठशाला तथा समुदायमा आधारित नश्ल सुधार सम्बन्धि काम गरेको।
- कृषि तथा पशु विकाससँग सम्बन्धित स्रोत पुस्तिका, प्रचारसामग्री, बृत्त चित्र निर्माण तथा विकासमा काम गरेको।
- कृषि र पशु विकास सम्बन्धित संभाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन सम्बन्धि काम गरेको अनुभव भएको। लागत साझेदारी र प्राथमिकता कार्यक्रम संचालन गर्न ईच्छुक संस्थाले परियोजनासँग सम्बन्धित संचालन खर्च जस्तैः कर्मचारी तलव, भत्ता, सुविधा, कार्यालय संचालन र व्यवस्थापन आदि आफैले व्यवस्थापन गर्नुपर्नेछ। संयुक्त उपक्रममा (Joint Venture) प्रस्तावना पेश गर्ने संस्थालाई प्राथमिकता दिईने छ। संस्थाले यो परियोजनाको लागि स्थानीय तहको केन्द्रमा कार्यालय स्थापना गरि कार्यक्रम संचालन गर्नुपर्नेछ। प्रस्ताव पेश गर्न ईच्छुक संस्थाले प्रस्तावित परियोजनाको कार्य क्षेत्र, परियोजना अवधि आदि बारे जानकारी नगरपालिकाबाट प्राप्त गर्न सक्नेछन।

### प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु

- आधिकारीक निकायमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि १ प्रति।
- आ.व. २०७६/०७७ को लेखा परिक्षण प्रतिवेदन सहित २ वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि १/१ प्रति।
- स्थायी लेखा नम्बर र आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्र प्रतिलिपि १/१ प्रति वा करचुक्ता प्रमाणपत्र लिन बाँकी भएको संस्थाको हकमा सो प्रमाणपत्र पेश गर्न समयावधि माग गरिएको सक्कल निवेदन १ प्रति।
- परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना कनकाई नगरपालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ को अनुसूची-१ बमोजिमको ढाँचामा अलग अलग खाममा शिलबन्दी गरिएको १/१ प्रति। परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस नगरपालिकाको वेबसाईट www.kankaimun.gov.np बाट डाउनलोड गरी वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।
- संयुक्त उपक्रममा प्रस्तावनापत्र पेश गर्ने संस्थाहरु विचको सम्बन्ध खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति।
- प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति।

प्रमुख प्रशासकीय अधिकृत

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## कार्यक्रम प्रस्तावको ढाँचा

**भाग १: प्राविधिक प्रस्तावना**

१. परियोजनाको नाम
२. पृष्ठभूमि (प्रस्तावको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)
३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार
४. परियोजनाको लक्ष्य र उद्देश्य
५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)
६. परियोजनाको कार्यान्वयन विधि
७. परियोजनाका क्रियाकलापहरु
८. परियोजनाको व्यवस्थापन

- व्यवस्थापन संरचना
  - संस्थागत सहकार्य (अनुसूचीमा संस्थागत विवरण र कानुनी दस्तावेजहरु पनि राख्ने)
  - प्रमुख निवेदक र सहायक निवेदकको नाम (यदि भएमा) र जिम्मेवारी बाँडफाँड (करार सम्झौता र अख्तियारी दुवै पक्षको हस्ताक्षरसहित अनुसूचीमा राख्ने)
  - परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- मानवीय संशाधन परिचालन
- परियोजनाको समयावधि

९. प्रतिवेदन
१०. अनुगमन तथा मूल्यांकन
११. परियोजनाको पारदर्शिता
१२. परियोजनाको दिगोपना
१३. परियोजना हस्तान्तरण
१४. बजेट (कुल परियोजना लागतमा संस्थाको लगानी प्रतिशत र लगानीका शीर्षकहरु मात्र उल्लेख गर्ने)

**भाग २. आर्थिक प्रस्तावना**

- परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)
- कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)
- अन्य

**भाग ३: प्राविधिक प्रस्तावना साथ पेश गर्नुपर्ने कागजात**

१. संस्थागत विवरण (पृष्ठभूमि सहित)।
२. संस्थाका कार्यानुभव पत्रहरु।
३. संस्थाले सहकार्य गरेका दातृ निकायहरु।
४. संस्थाको दर्ता, नवीकरण, अवद्धता र स्थायी लेखा नम्बर।
५. पछिल्ला २ वर्षको लेखापरीक्षण प्रतिवेदन र करचुक्ता।
६. संस्थाका कानुनी दस्तावेजहरु (विधान, प्रबन्धपत्र, विनियम, नीति, नियमावली, रणनीति, आदि)।
७. लागत साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने पर्याप्त आधार देखिने कागजात।
८. सम्युक्त उपक्रम (Joint Venture) मा प्रस्तावना पेश गर्ने भएमा संस्थाहरुको भूमिका स्पष्ट खुल्ने कागजात।
९. प्रस्ताव पेश गर्ने अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि।

प्रमुख प्रशासकीय अधिकृत

मोहन प्रसाद [illegible]
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner